विगो नं.-८(०८१/८२)

## तेह्रथुम जिल्ला अदालत

## लिलाम वढावढको सुचना

वादी जिल्ला रौतहट गुज्रा नगरपालिका वडा नं.२ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १७ ग्वार्को बस्ने सिद्धि विनायक मेटल एण्ड कन्सर्न प्रा.लि. का संचालक राम प्रवेश शाहको छोरा वर्ष ३२ को सोनु शाहको जाहेरीले नेपाल सरकार तथा प्रतिवादी जिल्ला तेह्रथुम साविक पिप्ले गा.वि.स. वडा नं. ९ को परिवर्तित म्याङलुङ नगरपालिका वडा नं. ४ पिप्ले स्थयी घर भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २९ हात्तिवन बस्ने सलिसा कन्सट्रक्शन एण्ड इन्जिनियरिङका संचालक गोविन्द प्रसाद गौतमको नाति, अर्जुन प्रसाद गौतमको छोरा, रमा पौडेलको श्रीमान वर्ष ३७ को सन्तोष गौतम भएको बैंकिङ कसूरको विगो मुद्दामा उच्च अदालत पाटनको मिति २०७७/१२/२० गतेको फैसला अनुसार वादीले प्रतिवादीबाट रु.२,५०,०००/- (दुई लाख पचास हजार रुपैयाँ) भराई पाउने ठहरी फैसला भई यस अदालतको तहसिल शाखामा लगत प्राप्त भई वादीले भराई पाउने विगो प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा प्रतिवादीको जेथाबाट विगो रकम असूल उपर गरी पाउँ भनी वादीले निवेदन दिएको र प्रतिवादीलाई यस अदालतबाट जारी भएको ७ (सात) दिने जनाउ सूचना मिति २०८१/११/०८ गते तामेल भई सो सूचनामा अनुपस्थित रहेको र निजको थाम्ने थमाउने म्याद समेत ब्यतित भईसकेको अवस्थामा वादीले देखाएको जायजेथाको जायदात मुचुल्का भई पञ्चकृति मुल्याङ्कन समेत भएर प्रतिवादीको उक्त सम्पती २०८२/०२/२० गते यस अदालतमा पहिलो पटकको डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. यस अदालतको तहसिल शाखामा मिति २०८२/०२/२० गते दिनको ११ बजेदेखि २ बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकवोल गर्न सकिनेछ।
२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।
३. कायम भएको न्यूनतम पञ्चकृति मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ।
४. डाँक लिलामको बखत बोलकवोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्नेछ।बाँकी बोलकवोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिल गर्नुपर्नेछ। त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ।
५. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराइनेछ।
६. डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।
७. **डाँक लिलाम हुने सम्पत्तिको विवरण**

| सि.नं. | जग्गाधनीको नामथर | गा.वि.स./न.पा. | कि नं | क्षेत्रफल | लिलाम हुने जग्गाको तर्फ | लिलाम हुने क्षेत्रफल | डाँक बोल्नुपर्ने न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अर्जुन प्रसाद गौतम | पिप्ले | १४१ | ०-४-२-० | विगोले खामेजति जग्गा लिलाम हुने। | विगोले खामेजति जग्गा | पञ्चकृति मुल्याङ्कन बमोजिम | |
| २ | अर्जुन प्रसाद गौतम | पिप्ले | १४२ | ५-१५-०-० | विगोले खामेजति जग्गा लिलाम हुने। | विगोले खामेजति जग्गा | पञ्चकृति मुल्याङ्कन बमोजिम | |

**सूचना टाँस हुने**

- जिल्ला प्रशासन कार्यालय तेह्रथुम
- कोष तथा लेखा नियन्त्रकको कार्यालय तेह्रथुम
- मालपोत कार्यालय तेह्रथुम
- नापी कार्यालय तेह्रथुम
- म्याङ्लुङ नगरपालिका वडा नं. ४ को कार्यालय
- साविक पिप्ले गा.वि.स. वडा नं. ९ को कि.न. १४१ र १४२ को जग्गा
- अदालतको सूचना पाटी

ईती संम्बत २०८२ साल वैशाख २२ गते रोज २ शुभम..........